बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

# बिउ बिजन आत्मनिर्भर कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

स्वीकृत मितिः २०८२।०७।२६

प्रस्तावनाः स्रोत बिउ र उन्नत बिउ उत्पादन एवं प्रवर्धनका लागि आवश्यक भौतिक पूर्वाधार एवं संरचना, प्रविधि प्रसार तथा गुणस्तर नियन्त्रण र नियमनसँग सम्बन्धित क्रियाकलापहरु एकीकृत रुपमा सञ्चालन गर्नका लागि विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम **"बिउ बिजन आत्मनिर्भर कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२"** रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) **"आवेदक"** भन्नाले कार्यक्रममा सहभागी हुनका लागि आवेदन दिएका कृषक समूह, सहकारी, सामुदायिक बिउ बैङ्क तथा निजी फार्म/कम्पनीलाई सम्झनुपर्छ।

(ख) **"उत्पादक"** भन्नाले विभिन्न बाली तथा जातहरुका मूल, प्रमाणित तथा उन्नत बिउ उत्पादनमा संलग्न कृषक समूह, सहकारी, सामुदायिक बिउ बैङ्क तथा निजी फार्म/कम्पनीलाई सम्झनुपर्छ।

(ग) **"उन्नत बिउ"** भन्नाले प्रचलित बिउ बिजन ऐन र बिउ बिजन नियमावली अनुसार बिउ उत्पादन गरी यथार्थ सङ्केत पत्र लगाइएको बिउ र बालीका वर्णसङ्कर जातलाई सम्झनुपर्छ।

(घ) **"कार्यक्रम"** भन्नाले बिउ बिजन आत्मनिर्भर कार्यक्रम र उक्त कार्यक्रमको लागि विनियोजित बजेट सम्झनुपर्छ।

(ङ) **"कार्यालय"** भन्नाले सम्बन्धित जिल्लाको कृषि विकास कार्यालय सम्झनुपर्छ।

(च) **"केन्द्र"** भन्नाले प्रदेश बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, हेटौंडा सम्झनुपर्छ।

(छ) **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय सम्झनुपर्छ।

(ज) **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनुपर्छ।

(झ) **"प्रोत्साहन अनुदान रकम दुरुपयोग"** भन्नाले सरकारले प्रदान गरेको प्रोत्साहन अनुदान रकमबाट निर्मित कृषि पूर्वाधार संरचना, खरिद गरिएका यन्त्र



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

उपकरण तथा उत्पादन सामग्रीलाई कार्यक्रमको मर्म, उद्देश्य र सम्झौतामा तोकिएका शर्त तथा प्रतिबद्धता विपरीत प्रयोग वा सञ्चालन गर्ने कार्यलाई जनाउँछ। साथै, दोहोरो अनुदान सुविधा लिने, सम्झौता बमोजिम तोकिएको न्यूनतम अवधिसम्म व्यवसाय निरन्तर सञ्चालन नगर्ने, वा पूर्ण वा आंशिक रूपमा व्यवसाय, संरचना तथा सामग्री बिक्री गर्ने जस्ता कार्यहरू समेत यस दुरुपयोग अन्तर्गत पर्न आउनेछन्।

(ञ) **"बिउ उत्पादन क्षेत्र"** भन्नाले स्रोत/उन्नत बिउ बिजन उत्पादन एवं प्रवर्धनका लागि तोकिएको निर्धारित क्षेत्रफलसहितको क्षेत्र सम्झनुपर्छ।

(ट) **"बिउ बिजन"** भन्नाले प्रचलित कानुन अनुसार उन्मोचन तथा दर्ता भएका विभिन्न बालीका जातहरुको मूल बिउ, प्रमाणित बिउ, उन्नत बिउ र वर्णसङ्कर बिउलाई सम्झनुपर्छ।

(ठ) **"मन्त्रालय"** भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनुपर्छ।

(ड) **"लाभग्राही"** भन्नाले केन्द्र वा कार्यालयबाट सञ्चालन भएको कार्यक्रम अन्तर्गत सम्झौता गरी काम सम्पन्न गरेपछि भुक्तानी प्राप्त गर्ने साझेदारलाई सम्झनुपर्छ।

(ढ) **"साझेदार"** भन्नाले सम्बन्धित केन्द्र वा कार्यालयबाट सञ्चालन हुने कार्यक्रमको लागि छनोटमा परी सम्झौता गरेका आवेदक सम्झनुपर्छ।

(ण) **"स्थानीय तह"** भन्नाले बागमती प्रदेशभित्रका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनुपर्छ।

(त) **"समिति"** भन्नाले यस कार्यविधिको दफा ३ को उपदफा (३) बमोजिमको क्षेत्र निर्धारण सिफारिस समिति सम्झनुपर्छ।

(थ) **"स्रोत बिउ"** भन्नाले प्रचलित बिउ बिजन ऐन र बिउ बिजन नियमावली अनुसार प्रमाणित गरिएको मूल र प्रमाणित बिउ सम्झनुपर्छ। यसले वर्णसङ्कर जातका पैत्रिक लाईन (इनब्रिड) समेतलाई जनाउँछ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन तथा प्रक्रिया

३. <u>बिउ उत्पादन क्षेत्र निर्धारण:</u> (१) प्रदेशको आवश्यकता एवं स्थानीय सम्भाव्यताको आधारमा कार्यक्रमको क्षेत्र निर्धारण प्रयोजनका लागि कार्यक्रम लागु भएका जिल्लाहरुमा क्रियाशील इच्छुक आवेदकले एकल एवं संयुक्त रुपमा अनुसूची-१ बमोजिमको ढाँचामा तथ्याङ्क विवरणसहित निवेदन पेस गर्नुपर्नेछ।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

(२) उपदफा (१) बमोजिमको प्रयोजनका लागि केन्द्र/कार्यालयले २१ (एक्काइस) दिनको सार्वजनिक सूचना प्रकाशन गर्नेछ। सूचनाको आधारमा इच्छुक आवेदकले केन्द्र/कार्यालयमा आवेदन दर्ता गर्न सक्नेछन्।

(३) उपदफा (२) बमोजिम प्राप्त आवेदनको अध्ययन गरी क्षेत्र निर्धारण सिफारिस गर्न देहाय बमोजिमको क्षेत्र निर्धारण सिफारिस समिति रहनेछ।

(क) प्रमुख, जिल्ला समन्वय समिति -संयोजक

(ख) प्रमुख, कृषि विकास कार्यालय -सदस्य

(ग) प्रमुख/प्रतिनिधि, पशु सेवा कार्यालय -सदस्य

(घ) प्रमुख/प्रतिनिधि, कार्यक्रम कार्यान्वयन एकाइ, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम -सदस्य

(ङ) बाली विकास अधिकृत वा प्रमुखले तोकेको अधिकृतस्तरको कर्मचारी, कृषि विकास कार्यालय -सदस्य सचिव

समितिमा केन्द्रका प्रतिनिधिलाई सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ।

(४) समितिको काम, र्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्राविधिक मापदण्ड अनुसार बिउ उत्पादन क्षेत्र सिफारिस गर्ने,

(ख) बिउ उत्पादन कार्यतालिका तयार गरी भुक्तानीको समय निर्धारण गर्ने,

(ग) समग्र जिल्लाको बिउ उत्पादन वार्षिक कार्ययोजना तयार गर्ने,

(घ) समयानुकूल क्षेत्र निर्धारण अद्यावधिकका लागि सिफारिस गर्ने।

(५) बिउ उत्पादन क्षेत्र निर्धारण सम्बन्धी आधारहरु देहाय बमोजिम हुनेछन्:

(क) प्राविधिक रुपमा उपयुक्त,

(ख) स्थानीय स्तरमा रोजगारी सिर्जना, बजार प्रवर्धन, उत्पादन वृद्धि गर्न सक्ने बाली,

(ग) आयात प्रतिस्थापनमा सहयोग पुऱ्याउने बाली,

(घ) सिँचाइ, सडक, विद्युत लगायतका पूर्वाधारहरु भएको क्षेत्र,

(ङ) सम्भव भएसम्म एउटै क्लस्टरमा न्यूनतम ३० हेक्टर क्षेत्रफल भएको।

(६) उपदफा (५) बमोजिमको आधारमा समितिले अध्ययनसहित अनुसूची-२ बमोजिमको मापदण्ड अनुसार मूल्याङ्कन गरी सिफारिस सहितको प्रतिवेदन निर्देशनालयमार्फत मन्त्रालयमा पेस गर्नुपर्नेछ।

(७) मन्त्रालयले क्षेत्र निर्धारण स्वीकृत गर्दा प्रदेश बिउ विजन गुणस्तर नियन्त्रण केन्द्रको राय/सुझाव लिन सक्नेछ।

(८) समितिले दिएको सिफारिस तथा प्रतिवेदनको आधारमा मन्त्रालयले पेस भएबमोजिम वा आवश्यक परिमार्जनसहित बिउ उत्पादन क्षेत्र निर्धारण गर्न स्वीकृति दिनेछ।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

(९) केन्द्र/कार्यालयले क्षेत्र निर्धारण सम्बन्धी जानकारी सार्वजनिक सञ्चार माध्यममार्फत सूचना प्रवाह गर्नेछ।

४. <u>कार्यक्रम सञ्चालन:</u> (१) बागमती प्रदेशका सबै जिल्लामा बिउ उत्पादनका लागि दफा ३ बमोजिम निर्धारण भएका क्षेत्रभित्र कार्यक्रम सञ्चालन हुनेछ।

(२) प्राविधिक रुपमा उपयुक्त एवं पूर्वाधारसहितका संरचना निर्माण गर्न सक्षम आवेदकहरुलाई छनोटका लागि प्राथमिकता दिन सकिनेछ।

(३) स्रोत उपलब्धताको आधारमा केन्द्र/कार्यालयमार्फत बिउ बिजन आत्मनिर्भर कार्यक्रम सञ्चालन हुनेछ।

(४) केन्द्र/कार्यालयले आवेदकहरुलाई दफा ६ अनुसारका कार्यक्रममा सहभागिताका लागि सूचना आह्वान गर्नेछ।

(५) अनुसूची-८ को संरचनागत सुधार तथा पूर्वाधार विकास (बिउ स्रोत केन्द्र स्थापना) सम्भागमा सहभागी हुन बिउ उत्पादन क्षेत्रभित्रका आवेदकहरुका साथै जिल्लाभित्र रही बिउ उत्पादन, प्रवर्धन वा बिउजन्य व्यवसायमा संलग्न उत्पादन क्षेत्रबाहिरका कृषक समूह/सहकारी/सामुदायिक बिउ बैङ्क/निजी फार्म/कम्पनीले समेत बिउ उत्पादन क्षेत्रभित्र उत्पादन भएको बिउको सङ्कलन, भण्डारण, प्रशोधन तथा बजारीकरण गर्ने गरी कार्यक्रममा सहभागिताका लागि प्रस्तावपत्र पेस गर्न सक्नेछन्। यसरी सहभागी हुन चाहने आवेदकको न्यूनतम योग्यता अनुसूची-४ बमोजिम हुनेछ।

(६) आवेदकले अनुसूची-३ अनुरुपका क्रियाकलापहरु समावेश गरी अनुसूची-६ बमोजिम प्रतिबद्धतापत्रसहित दफा ६ अन्तर्गतका सम्भागहरुको लागि छुट्टाछुट्टै रुपमा केन्द्र/कार्यालयमा अनुसूची ५(क) र ५(ख) बमोजिम प्रस्तावपत्र/आवेदनपत्र पेस गर्नुपर्नेछ।

(७) प्राप्त प्रस्तावपत्रलाई मूल्याङ्कन गर्दा बिउ उत्पादन क्षेत्रभित्रका आवेदकलाई छनोटका लागि प्राथमिकता दिन सकिनेछ।

(८) आवेदकले एउटा क्लस्टरभित्र खाद्यान्न बाली स्रोत बिउ न्यूनतम ५ हेक्टर, उन्नत बिउ न्यूनतम १० हेक्टर, तरकारी न्यूनतम २ हेक्टर, आलुबाली न्यूनतम ५ हेक्टर तथा घाँस बाली न्यूनतम २ हेक्टर क्षेत्रफलमा बिउ उत्पादन गर्ने सुनिश्चितता गर्नुपर्नेछ।

(९) संरचनागत सुधार तथा पूर्वाधार विकास (बिउ स्रोत केन्द्र स्थापना) गर्न चाहने आवेदकले तोकिएको क्षेत्रमा स्रोत/उन्नत बिउ उत्पादन तथा व्यवस्थापन गर्नुपर्नेछ। साथै, पूर्वाधार निर्माणका लागि तराईमा न्यूनतम ३ कट्ठा तथा पहाडी भेगमा न्यूनतम १ रोपनी जग्गा व्यवस्था गर्नुपर्नेछ।

(१०) आलुको पि.वि.एस. दाना बिउ उत्पादनका लागि आवश्यक संरचना निर्माण तथा स्रोत बिउ उत्पादनमा सहभागी हुन चाहने आवेदकले एउटा क्लस्टरभित्र न्यूनतम ५ हेक्टर बिउ उत्पादन क्षेत्र सुनिश्चित गर्नुपर्नेछ।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

(११) कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकहरुलाई केन्द्र/कार्यालयले २१ (एक्काइस) दिन अवधिको समयसीमा राखी राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्नेछ र सो समयावधिभित्र माग बमोजिम आवेदन प्राप्त हुन नआएमा पुनः ७ दिनको म्याद थप गरी सूचना प्रकाशन गर्न सक्नेछ।

(१२) कार्यक्रममा सहभागी हुने आवेदकले एउटै क्रियाकलाप वा उस्तै प्रकृतिको कार्यको लागि अन्य निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको वा स्रोतको दोहोरोपना नभएको स्व-घोषणापत्रसहित आवेदन दिनुपर्नेछ।

५. <u>प्रस्ताव मूल्याङ्कन तथा छनोट सम्बन्धी व्यवस्थाः</u> (१) तोकिएको बिउ उत्पादन क्षेत्रबाट केन्द्र/कार्यालयमा प्राप्त हुन आएका प्रस्तावपत्र/आवेदनहरुको मूल्याङ्कन सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गठन हुने मूल्याङ्कन समितिले गर्नेछ।

(२) केन्द्रको मूल्याङ्कन समितिले कार्यक्रम सञ्चालन हुने सम्बन्धित कार्यालय/स्थानीय तहको कृषि शाखाको प्रमुख वा प्रतिनिधि र कार्यालयको मूल्याङ्कन समितिले स्थानीय तहको कृषि शाखाको प्रमुख वा प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ। साथै, मूल्याङ्कन समितिमा बिउ सम्बन्धी प्राविधिक/विज्ञको अनिवार्य सहभागिता गराउनुपर्नेछ।

(३) मूल्याङ्कन समितिले संरचनागत सुधार तथा पूर्वाधार विकास कार्यक्रम अन्तर्गत प्राप्त प्रस्तावको मूल्याङ्कन अनुसूची-७ अनुसारको मूल्याङ्कनका सूचक एवं अङ्कभारका आधारमा गर्नेछ।

(४) मूल्याङ्कन समितिले बिउ उत्पादन प्रवर्धन तथा क्षेत्र विस्तार सहयोग कार्यक्रम अन्तर्गत प्राप्त आवेदनहरुको हकमा स्वीकृत बजेटको परिधिभित्र रही क्षेत्रफल र बिउ उत्पादनको लागि तोकिएको प्राविधिक तथा कानुनी प्रावधान पूरा गरेको प्रमाणको आधारमा मूल्याङ्कन गर्न सक्नेछ।

(५) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावपत्र/आवेदनहरुको मूल्याङ्कन गरी छनोट तथा स्वीकृतिका लागि केन्द्र/कार्यालयमा पेस गर्नेछ।

(६) केन्द्र/कार्यालयले मूल्याङ्कन गरी छनोटका लागि पेस हुन आएका प्रस्तावपत्रहरु अध्ययन गरी उपयुक्त ठानेमा स्वीकृत गर्नेछ।

६. <u>कार्यक्रमका सम्भाग तथा क्रियाकलाप सम्बन्धी व्यवस्थाः</u> (१) कार्यक्रमका सम्भागहरु अनुसूची-८ बमोजिम हुनेछन्।

(२) उपदफा (१) बमोजिमका क्रियाकलापहरु स्वीकृत वार्षिक कार्यक्रममा समावेश हुनेछन्।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

७. <u>सम्झौता तथा भुक्तानी सम्बन्धी व्यवस्थाः</u> (१) स्वीकृत भएका आवेदकहरुलाई केन्द्र/कार्यालयले ७ (सात) दिनको समयावधि दिई सम्झौताको लागि आह्वान गर्न सक्नेछ। साथै, निर्धारित समयावाधिभित्र सम्झौता गर्न नआएमा क्रमशः वैकल्पिक सूचीका आवेदकहरुलाई सम्झौताको लागि आह्वान गर्नुपर्नेछ।

(२) स्वीकृत भएका आवेदकहरुसँग केन्द्र/कार्यालयले सम्झौताका शर्तहरु बारे आवश्यक छलफल पश्चात नियमानुसार सम्झौता गरी कार्यदिश दिनुपर्नेछ।

(३) सम्झौतापश्चात केन्द्र/कार्यालयले खटाएका कर्मचारीले कार्यसम्पन्न नहुञ्जेलसम्म अनुगमन गर्नुपर्नेछ र कार्यसम्पन्न भएपश्चात स्वीकृत रकमको परिधिभित्र रही प्राविधिक कार्यसम्पन्न प्रतिवेदनको आधारमा मात्र भुक्तानी गरिनेछ। कार्यप्रगति तथा खर्च प्रमाणित हुने कागजातको आधारमा किस्ताबन्दीको रुपमा समेत भुक्तानी गर्न सकिनेछ।

(४) प्रोत्साहन रकमको भुक्तानी सम्बन्धित आवेदकहरुको बैङ्क खातामा जम्मा हुने गरी उपलब्ध गराईनेछ। संरचनागत सुधार तथा पूर्वाधार विकास सहयोग कार्यक्रम अन्तर्गत बिउ भण्डारण गृह निर्माणका लागि इजाजतपत्र प्राप्त निर्माण प्राविधिकले तयार गरेको लागत अनुमान, कार्यसम्पन्न प्रतिवेदन, नापी किताब (Measurement Book) र प्रशोधन उपकरणहरुको हकमा Specifications, Post Delivery Report आदिका आधारमा भुक्तानी गरिनेछ।

(५) बिउ उत्पादन प्रवर्धन तथा क्षेत्र विस्तार सहयोग कार्यक्रम अन्तर्गत छनोट भएका आवेदकको हकमा सम्बन्धित बिउ उत्पादक संस्थाले बिउ प्रमाणीकरण निकायमा पठाएको खेत निरीक्षण सम्बन्धी पूर्व जानकारी फाराम, प्रचलित कानुन बमोजिम इजाजतपत्र/मान्यता प्राप्त बाली निरीक्षकले बाली निरीक्षण गरी जारी गरेको प्रतिवेदन, सोही स्थानीय तहबाट क्षेत्रफल किटान सम्बन्धी सिफारिस, बाली कटानी प्रतिवेदन, बिउ परीक्षण प्रतिवेदन, उत्पादित स्रोत/उन्नत बिउ बिक्री गर्ने प्रतिबद्धतापत्र, स्रोत बिउ खरिद सम्बन्धी बिल, सिँचाइको हकमा निर्माण प्राविधिकले तयार गरेको लागत अनुमान, कार्यसम्पन्न प्रतिवेदन, नापी किताब (Measurement Book) लगायत आवश्यक कागजातहरुको आधारमा भुक्तानी गर्नुपर्नेछ।

(६) क्षेत्र विस्तार सहयोग रकम प्रदान गर्दा बिउ प्रमाणीकरणको सिलसिलामा लट निर्धारण गरिएको महिनाको आधारमा सोही आ.व.मा भुक्तानी गर्नुपर्नेछ।

(७) भुक्तानी गर्ने समयमा केन्द्र/कार्यालयले कानुन बमोजिम कर कट्टी गरी सम्झौता अनुसारको रकम उपलब्ध गराउनुपर्नेछ।

(८) उपलब्धिमा आधारित प्रोत्साहन सेवा/रकम प्राप्त लाभग्राहीले पारदर्शिताको लागि कार्यक्रम सम्पन्न भएको स्थलमा अनुसूची-१० अनुसारको सार्वजनिक सूचना पाटी राख्नुपर्नेछ।

८. <u>जनशक्ति व्यवस्थापनः</u> (१) कार्यक्रम सञ्चालनको व्यवस्थापकीय पक्ष केन्द्र/कार्यालयमा कार्यरत कर्मचारीबाट हुनेछ।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

(२) फिल्डस्तरमा सञ्चालन हुने कार्यक्रमको कार्यान्वयनमा सहजीकरणका लागि प्रत्येक जिल्लामा १/१ र केन्द्रमा १ जना बिउ प्राविधिक/सहजकर्ता छनोट तथा नियुक्ति गर्न सकिनेछ।

(३) उपदफा (५) बमोजिमका योग्यता एवं अनुभव पुगेका व्यक्तिलाई केन्द्र/कार्यालयले सोझै नियुक्ति गरी करार सम्झौतामार्फत काममा लगाउन सक्नेछ।

(४) जनशक्तिको सेवा-सुविधा करार सम्झौताको आधारमा केन्द्र/कार्यालयले तय गरेबमोजिम हुनेछ।

(५) बिउ प्राविधिक तथा बिउ सहजकर्ताको न्यूनतम योग्यता देहायबमोजिम हुनेछ।

**(क) बिउ प्राविधिकः**

(अ) नेपाली नागरिक,

(आ) मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषयमा न्यूनतम प्रविणता प्रमाणपत्र तह वा जे.टी. कोर्ष उत्तीर्ण गरी २ वर्षको कार्य अनुभव भएको,

(इ) सम्बन्धित जिल्ला/स्थानीय तहको बासिन्दालाई प्राथमिकता दिईनेछ।

**(ख) बिउ सहजकर्ताः**

(अ) नेपाली नागरिक,

(आ) मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको,

(इ) सम्बन्धित जिल्लाको स्थानीय बासिन्दालाई प्राथमिकता दिईनेछ।

## परिच्छेद ३
## प्रोत्साहन कार्यक्रम

९. उपलब्ध हुने प्रोत्साहन/सेवा सुविधाहरुः (१) तोकिएका क्षेत्रमा सञ्चालन हुने क्रियाकलापहरुका लागि प्रदेश सरकारले तोकेको अवस्था बाहेक उपलब्धिमा आधारित प्रोत्साहन रकम अनुसूची-९ बमोजिम उपलब्ध गराउनुपर्नेछ।

(२) बिउ उत्पादन प्रवर्धन तथा क्षेत्र विस्तार सहयोग कार्यक्रममा प्रोत्साहन दिंदा स्वदेशमा उत्पादित हालसालै सिफारिस भएका उच्च उत्पादनशिल जातको बिउ उत्पादनलाई प्राथमिकता दिनुपर्नेछ। रैथाने बालीका बिउको हकमा यो व्यवस्था लागु हुने छैन।

१०. अवलम्बन गरिने विधिः कार्यक्रम कार्यान्वयनका बखत देहायका विधिहरु अवलम्बन गरिनेछ।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

(क) बिउ उत्पादनको लागि प्राविधिक रुपमा उपयुक्त जिल्लामा प्रदेशको आवश्यकता, स्थानीय सम्भाव्यता र तुलनात्मक लाभका आधारमा खाद्यान्न, तरकारी, आलु तथा घाँसको बिउ उत्पादन क्षेत्र छनोट गरिनेछ।

(ख) उपलब्धिमा आधारित प्रोत्साहन अनुसारका सुविधाहरुमार्फत मूल्य श्रृंखलाका सबै अवयव सहितको एकीकृत सघन क्रियाकलापहरु सञ्चालन गरी खाद्यान्न बाली (धान, गहुँ, मकै), तरकारी बाली, घाँसे बाली र आलुको उत्पादन एवं उत्पादकत्व अभिवृद्धि गरिनेछ।

(ग) उन्नत तथा वर्णसङ्कर बिउको उपलब्धता, सिँचाइको सहज पहुँच, गुणस्तरीय रासायनिक र प्राङ्गारिक मलको आवश्यक परिमाणमा सहज उपलब्धता, कृषि यन्त्रीकरण, बजारीकरण, उत्पादन उपरान्त मूल्य अभिवृद्धि, प्रमुख खाद्यान्न बालीको न्यूनतम समर्थन मूल्य लगायतमा प्रोत्साहनमार्फत उत्पादन अभिवृद्धि गरिनेछ।

## परिच्छेद-४
## विविध

११. <u>आवेदन छनोट सम्बन्धी अन्य शर्त</u> (१) :गत आर्थिक वर्षमा मन्त्रालय वा मातहतका कार्यालयमार्फत कृषि क्षेत्रको विकासका लागि अनुदान प्राप्त गरेका लाभग्राहीलाई चालु आर्थिक वर्षको अनुदान कार्यक्रममा सहभागी गराईने छैन। यस सम्बन्धमा चालु आर्थिक वर्षमा अनुदान प्रवाह गर्ने निर्देशनालय/केन्द्र कार्यालयले/गत आर्थिक वर्षमा सम्बन्धित आवेदकले अनुदान प्राप्त गरेको वा नगरेको विवरण सम्बन्धित निर्देशनालय/केन्द्र कार्यालयसँग पत्राचार गरी/ अनिवार्य रूपमा यकिन गर्नुपर्नेछ।

(२) आवेदकले चालु आर्थिक वर्षमा मन्त्रालय तथा मातहतका निर्देशनालय/कार्यालय, स्थानीय तह वा संघीय सरकारबाट सञ्चालित परियोजनाबाट सोही कार्यक्रम/क्रियाकलापका लागि अनुदान प्राप्त नगरेको बेहोरा खुल्ने अनुसूची ११ बमोजिमको ढाँचामा स्व-घोषणा पेस गर्नुपर्नेछ। अन्य निकायबाट दोहोरो अनुदान प्राप्त भएको पाइएमा सम्झौता रद्द गरी प्रचलित कानुन बमोजिम आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइनेछ।

(३) समूह सहकारीमा आबद्ध कृषकमध्ये गत आर्थिक वर्षमा अनुदान सहयोग प्राप्त गरेका बाहेक सोही समूह सहकारीका अन्य कृषक चालु आर्थिक वर्षको अनुदान कार्यक्रममा सहभागी हुन सक्नेछन्।

(४) विपत्बाट क्षति बापतको राहत रकम, विद्युत महसुलमा छुट, क्षेत्र विस्तारका लागि बिउ/बेर्ना/बिरुवा वितरण, जग्गा भाडामा अनुदान, ब्याज अनुदान, उत्पादनमा आधारित बिउ प्रोत्साहन अनुदान/सहयोग, प्रयोगशाला सेवा, माटो वा बाली उपचार शिविर, कार्यालयबाट

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

उपलब्ध गराइने मल, कृषि चुन, विषादी, सूक्ष्म तत्व, हर्मोन तथा कार्यालयबाट सञ्चालित नविनतम प्रविधि प्रदर्शन जस्ता सेवाटेवा कार्यक्रममार्फत अनुदान सहयोग प्राप्त गरेका कृषकले यस कार्यविधिबमोजिमका कार्यक्रम र अन्य अनुदान कार्यक्रममा समेत सहभागी हुन सक्नेछन्।

१२. <u>अनुगमन तथा निरीक्षण:</u> मन्त्रालय/निर्देशनालय/केन्द्र तथा कार्यालयले कार्यक्रम कार्यान्वयनको चरणमा वा कार्यसम्पन्न पश्चात आवश्यकता अनुसार छुट्टाछुट्टै वा संयुक्त अनुगमन निरीक्षण गर्न सक्नेछ। यसरी भएको अनुगमनबाट दिइएको मौखिक वा लिखित पृष्ठपोषण पालन गर्नु साझेदारको कर्तव्य हुनेछ। साथै, मन्त्रालय/निर्देशनालय/केन्द्र तथा कार्यालयले अनुगमन प्रतिवेदनको सुझाव र पृष्ठपोषणलाई आगामी दिनमा मागमा आधारित कार्यक्रम तर्जुमा गर्न र प्रभावकारी कार्यान्वयनका लागि आधारको रुपमा लिनेछन्।

१३. <u>कारबाहीको व्यवस्था</u>: साझेदारले लिएको प्रोत्साहन/अनुदान रकम दुरुपयोग गरेको पाईएमा निजलाई नकारात्मक सूचीमा सूचीकृत गरी प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह असुल उपर गर्न प्रक्रिया अगाडि बढाइनेछ।

१४. <u>प्रचलित कानुन बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएका सञ्चालन प्रकिया बाहेकका विषयहरु प्रचलित कानुनसँग बाँझिएमा प्रचलित कानुन बमोजिम हुनेछ।

१५. <u>संशोधन:</u> यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ। आर्थिक दायित्वको विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको रायसहमति लिई संशोधन गरिनेछ।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

## बिउ उत्पादन क्षेत्र निर्धारणका लागि आवेदन तथा तथ्याङ्क फारामको ढाँचा

मितिः.........

श्रीमान् प्रमुख

.................................

विषयः बिउ उत्पादन क्षेत्र निर्धारण गरी पाऊँ बारे।

महोदय,

तहाँ केन्द्र/कार्यालयको मिति...................मा प्रकाशित/प्रसारित सूचना अनुसार चालु आ.व. ......./.......... मा ...................जिल्लामा स्थापना हुने बिउ बिजन आत्मनिर्भर कार्यक्रम अन्तर्गतको बिउ उत्पादन क्षेत्र निर्धारणका लागि हामी तपसिल बमोजिमका कृषक समूह/सहकारी/सामुदायिक बिउ बैङ्क/निजी फार्म/कम्पनी............जिल्लाको.................. गा.पा./न.पा.भित्र कमाण्ड क्षेत्र रहने गरी बिउ उत्पादन क्षेत्र स्थापना गरी बिउ उत्पादन गर्न इच्छुक भएकोले.............क्षेत्र निर्धारण गरिदिनुहुन यो निवेदन पेस गरेका छौं।

| क्र.सं. | कृषक समूह/सहकारी/सामुदायिक बिउ बैङ्क/निजी फार्म/कम्पनी | ठेगाना | सम्पर्क नं. | अध्यक्ष/सञ्चालकको नाम | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

निवेदन साथ संग्लग्न गर्नुपर्ने कागजातहरु

१. सम्बन्धित निकायमा दर्ता/नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
२. कार्यक्रम सञ्चालन हुने स्थानीय तहको सिफारिस,
३. अध्यक्ष/सञ्चालकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि,
४. प्रस्तावित क्षेत्रको आधारभूत तथ्याङ्क फाराम
५. केन्द्रबाट माग भएका आवश्यक अन्य कागजात।

.........................

पेस गर्नेको दस्तखत

१०

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

प्रस्तावित बिउ उत्पादन क्षेत्रको आधारभूत तथ्याङ्क फाराम

१. बिउ उत्पादन क्षेत्रमा उत्पादन गरिने बालीको नाम:

२. उत्पादन क्षेत्र स्थापना गरिने स्थान:

३. बिउ उत्पादन क्षेत्रमा समावेश हुनसक्ने घरधुरीहरुको विवरण:

| गाउँपालिका/नगरपालिका | वडा नम्बर | कृषक घरधुरी सङ्ख्या | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

४. प्रस्तावित क्षेत्रमा समावेश हुने खेतीयोग्य जग्गाको विवरण:

| जग्गाको किसिम | क्षेत्रफल (हे.) | सिंचित (हे.) | असिंचित (हे.) | सिंचित भए सिँचाइको स्रोत |
|---|---|---|---|---|
| खेत | | | | |
| बारी | | | | |
| पाखो | | | | |
| जम्मा | | | | |

५. प्रस्तावित क्षेत्रका प्रमुख बालीको क्षेत्रफल उत्पादन तथा उत्पादकत्व सम्बन्धी विवरण:

| प्रमुख बालीहरु | क्षेत्रफल (हे.) | उत्पादकत्व (मे.टन/हे.) | उत्पादन (मे.टन) | अनुमानित बिक्री परिमाण (मे.टन) |
|---|---|---|---|---|
| धान | | | | |
| गहुँ | | | | |
| मकै | | | | |
| तरकारी | | | | |

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

| | | | | |
|---|---|---|---|---|
| घाँस बाली | | | | |

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

६. कार्यक्रमबाट प्राप्त हुने अपेक्षित उपलब्धिहरुः

| जग्गाको क्षेत्रफल (हे.) | तोकिएको बालीले ढाक्ने क्षेत्रफल (हे.) | उत्पादकत्व (मे.टन/हे.) | उत्पादन (मे.टन) | थप विस्तार हुने क्षेत्रफल (हे.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

७. प्रस्तावित बालीको प्राविधिक एवं भौगोलिक उपयुक्तताः

८. प्रस्तावित बाली वस्तुको बजारीकरणको सम्भावनाः

| प्रमुख बजार | उपलब्ध बजार पूर्वाधार | उत्पादनको बजारीकरण योजना |
|---|---|---|
| | | |
| | | |

९. कृषि उत्पादन सामग्री उपलब्धताको स्रोत एवं अवस्थाः

| उत्पादन सामग्री | उपलब्ध स्रोत | कैफियत |
|---|---|---|
| | | |
| | | |

१०. प्रस्तावित क्षेत्रमा बाली/वस्तु उत्पादनको लागि आवश्यक कृषि पूर्वाधारहरुको उपलब्धताः

११. प्रस्तावित क्षेत्रभित्र सामूहिक खेती या क्लस्टरमा खेतीको हालको अवस्था एवं विस्तारको सम्भावनाः

१२. प्रस्तावित कार्यक्रमबाट थप हुन सक्ने रोजगारीका अवसरहरुः

| आंशिक रोजगारी | पूर्णकालीन रोजगारी | दैनिक ज्यालादारी |
|---|---|---|
| | | |
| | | |

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

१३. बिउ उत्पादन क्षेत्र माग गर्ने संस्थाको प्रोफाइलः

(संस्था एकभन्दा बढी भए क्रमशः थप्दै जाने)

क. कृषक समूह/सहकारी/सामुदायिक बिउ बैङ्क/निजी फार्म/कम्पनीको नामः

ख. स्थापना मितिः

ग. ठेगानाः

घ. दर्ता नं.:

ङ. संस्थाको उद्देश्यः

च. मासिक बचत छ वा छैन?

यदि छ भने बैङ्कको नामः

छ. संस्था कार्यान्वयनको प्रमाणः

(अ) निर्णयः ( )

(आ) नगदी खाताः ( )

(इ) बैङ्क खाताको विवरणः ( )

(ई) दर्ता प्रमाणपत्रः ( )

(उ) अचल सम्पत्तिको स्वामित्वको प्रमाणपत्रः ( )

(ऊ) शेयर सदस्य सङ्ख्याः ( )

(ए) संस्थाको सदस्यको विवरण

| क.सं. | सदस्यको नाम | खेतीयोग्य जमिन (हे.) | पशु सङ्ख्या |
|---|---|---|---|
| | | | |
| | | | |

निवेदकः

कृषक समूह/सहकारी संस्था/कृषि फार्म/कम्पनी/सामुदायिक बिउ बैङ्कः

अध्यक्ष/प्रतिनिधिको दस्तखतः

नाम, थरः

पदः

सम्पर्क फोन नंः

मितिः

समुह/सहकारी/कम्पनी



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

अनुसूची-२

(दफा ३ को उपदफा (६) सँग सम्बन्धित)

<u>बिउ उत्पादन क्षेत्र निर्धारण मापदण्ड</u>

| क्र.सं. | सूचक | अधिकतम अङ्क |
|---|---|---|
| १. | प्रस्तावित बिउ उत्पादन क्षेत्रको क्षेत्रफल | १० |
| २. | सम्भावित लाभान्वित वर्गको सङ्ख्या | १० |
| ३. | बाली/वस्तुको क्षेत्रफल विस्तारको सम्भावना | १० |
| ४. | प्रस्तावित बाली/वस्तुको प्राविधिक एवं भौगोलिक उपयुक्तता | १० |
| ५. | प्रस्तावित बाली/वस्तुको स्थानीय आवश्यकता तथा प्रादेशिक महत्व | १० |
| ६. | उत्पादन सामग्री, आपूर्ति तथा उत्पादन पूर्वाधारको सहजता | १० |
| ७. | बाली/वस्तुको सामूहिक वा क्लस्टरमा खेती गर्न सकिने सम्भावना | १० |
| ८. | बजारीकरण सम्भावना एवं बजार सुविधा | १० |
| ९. | रोजगारी सिर्जना सङ्ख्या | १० |
| १०. | कार्यक्रमको उद्देश्य प्राप्तिमा सहयोग | १० |
| | कुल जम्मा | १०० |

<u>नोटः</u> क्षेत्र निर्धारण सिफारिस समितिले आवश्यकता अनुसार मापदण्डलाई खण्डीकरण एवं विस्तृतीकरण गरी सोही अनुसार मूल्याङ्कन गर्न सक्नेछ।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

# अनुसूची ३

(दफा ४ को उपदफा (६) सँग सम्बन्धित)

**आवेदन/प्रस्तावपत्रमा समावेश गर्नुपर्ने क्रियाकलापहरु**

| क्र.सं. | विवरण | कैफियत |
|---|---|---|
| १. | बिउ उत्पादन प्रवर्धन तथा क्षेत्र विस्तार सहयोग | खाद्यान्न, तरकारी, आलु तथा घाँस बाली |
| | उत्पादन सामग्री (स्रोत बिउ/उन्नत बिउ, मल तथा सुरक्षित विषादी) | |
| | स्रोत बिउ तथा सामग्री सहयोग (नेपाली वर्णसङ्कर जातका लागि मात्र) | |
| | साना सिँचाइ निर्माण/मर्मत सम्भार (सौर्य सिँचाइ, स्यालो ट्युव वेल, बाँध, कुलो निर्माण/मर्मत आदि) | |
| २. | संरचनागत सुधार तथा पूर्वाधार विकास (बिउ स्रोत केन्द्र स्थापना) | |
| | बिउ भण्डारण गृह न्यूनतम २० मे. टन क्षमताको बोरा राख्ने प्यालेट तथा ड्राईङ फ्लोर समेत | |
| | न्यूनतम ०.५ मे टन प्रति घण्टा क्षमताको बिउ सफा गर्ने प्रशोधन मेसिन | |
| | बिउ प्रशोधन एकाइ | |
| | प्रति ब्याच ५० के.जी. क्षमताको बिउ उपचार गर्ने मेसिन | |
| | बोरा सिलाउने मेसिन | |
| | बिउ जोख्ने डिजिटल तराजु न्यूनतम १०० के.जी. क्षमता | |
| | बिउ सुकाउने ड्रायर | |
| | २५,००० दाना पि.वि.एस. आलु उत्पादन गर्न सकिने स्क्रिन/ग्रिन हाउस निर्माण (माटोमा आधारित) कोल्ड च्याम्बर सहित | |

<u>नोट:</u> प्रस्तावकले आवश्यकता अनुसार क्रियाकलापहरु थपघट गरी माग गर्न सक्नेछ।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

अनुसूची-४

(दफा ४ को उपदफा (५) सँग सम्बन्धित)

## पूर्वाधार विकास तथा संरचना सुधार कार्यक्रमको लागि आवेदकको न्यूनतम योग्यता

(क) सम्बन्धित निकायमा अद्यावधिक दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

(ख) स्रोत बिउ उत्पादन गर्न चाहने आवेदकको हकमा मूल बिउ उत्पादन इजाजत प्रमाणपत्रको प्रतिलिपि

(ग) स्थायी लेखा नम्बर (PAN)/मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) स्रोत/उन्नत बिउ उत्पादन कार्यक्रममा सहभागी हुने समूह/सहकारी/बिउ बैङ्कको बैठकको माइन्युटको प्रतिलिपि,

(ङ) पूर्वाधार तथा संरचना भाडाको जग्गामा निर्माण गर्ने भए जग्गा भाडामा लिएको सम्झौता र जग्गाको जग्गा धनीपुर्जाको प्रतिलिपि,

(च) सामूहिक रुपमा बिउ उत्पादन गर्नेको हकमा बिउ उत्पादकहरुको जग्गाको कित्ता नम्बर एवं क्षेत्रफल सहितको सूची,

(छ) प्रचलित नियमानुसार सहकारी तथा निजी फार्म/कम्पनीको हकमा गत आ.व. को लेखा परीक्षण प्रतिवेदन तथा कर छुट/कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
भूमि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-५(क)

(दफा ४ को उपदफा (६) सँग सम्बन्धित)

## संरचनागत सुधार तथा पूर्वाधार विकास कार्यक्रममा सहभागिताका लागि पेस गर्ने प्रस्तावपत्रको ढाँचा

१. आवेदकको नाम:

२. ठेगाना:

३. दर्ता भएको निकाय:

४. कार्यक्रमको नाम:

५. कार्यक्रम सञ्चालन हुने स्थान:

६. कार्यक्रम अन्तर्गत बिउ उत्पादन हुने बालीहरु:

७. बिउ उत्पादनको प्रकार:

८. बिउ उत्पादन हुने क्षेत्रफल:

९. कार्यक्रमको उद्देश्य:

१०. कार्यक्रमका मुख्य मुख्य क्रियाकलापहरु:

११. कुल लागत: रु.

प्रोत्साहन रकम: रु.
आवेदकको लागत सहभागिता: रु.

१२. कार्यक्रमको नवीनतम पक्षहरु:

१३. कार्यक्रममा सामाजिक समावेशिता:

१४. लाभान्वित विवरण:

महिला पुरुष जम्मा दलित जनजाति अन्य

१५. अपेक्षित प्रतिफल:



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

१६. कार्यक्रमको निरन्तरताका लागि अवलम्बन गरिने विधि एवं तौरतरिका:

१७. कार्यक्रम सुरु हुने मिति:

१८. कार्यक्रम सम्पन्न हुने मिति:

१९. प्रस्तावित कार्यक्रम तथा बजेट:

| क. सं. | विवरण | एकाइ | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उत्पादन सामग्री | | | | | |
| | बिउ | | | | | |
| | मल | | | | | |
| | विषादी | | | | | |
| २ | पूर्वाधार निर्माण | | | | | |
| | बिउ प्रशोधन कक्ष/गृह निर्माण | | | | | |
| | बिउ प्रशोधन मेसिन | | | | | |
| | बिउ उपचार गर्ने मेसिन | | | | | |
| | बिउको चिस्यान मापक यन्त्र | | | | | |
| | बिउ सुकाउने त्रिपाल | | | | | |
| | बोरा सिलाउने मेसिन | | | | | |
| | बिउ प्याकिङ गर्ने बोरा | | | | | |
| ३ | व्यवस्थापन | | | | | |
| | सामग्री ढुवानी | | | | | |
| | पारदर्शिता प्रवर्धनका लागि होर्डिङ बोर्ड | | | | | |
| | सार्वजनिक सुनुवाई | | | | | |
| | जम्मा | | | | | |

२०. बिउ बजारीकरण तथा व्यवस्थापन गर्न गरिने विविध पक्षहरु:

२१. स्रोत व्यवस्थापनका लागि गरिने अन्तर निकाय समन्वय:

२२. वातावरण संरक्षण एवं प्रवर्धनका लागि अवलम्बन गरिने उपायहरु:



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

प्रस्ताव पेस गर्नेको नाम, थरः

पदः

हस्ताक्षर

मितिः

सम्पर्क नम्बरः

| |
|---|
| संस्थाको छाप |

पुनश्च : यस ढाँचामा आफूले गर्न चाहेको बिउ बाली उत्पादनका विविध विषय तथा क्रियाकलापहरु विस्तृत रुपमा समावेश गर्नुपर्ने। साथै, संरचना निर्माणको लागि डिजाइन, लागत अनुमान तथा औजार उपकरणहरुको हकमा प्राविधिक विशेषताहरु (Technical Specifications) समेत संलग्न गर्नुपर्नेछ।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

## अनुसूची-५(ख)

(दफा ४ को उपदफा (६) सँग सम्बन्धित)

### <u>बिउ उत्पादन प्रवर्धन तथा क्षेत्र विस्तार सहयोग कार्यक्रममा सहभागिताका लागि पेस गर्ने आवेदनपत्रको ढाँचा</u>

१. आवेदकको नामः

२. ठेगानाः

३. दर्ता भएको निकायः

४. कार्यक्रमको नामः

५. कार्यक्रम सञ्चालन हुने स्थानः

६. कार्यक्रम अन्तर्गत बिउ उत्पादन हुने बालीहरुः

७. बिउ उत्पादनको प्रकारः

८. बिउ उत्पादन हुने क्षेत्रफलः

९. सिँचाइ सम्बन्धी विवरणः

(क) सिँचाइको प्रकारः

(ख) लाभान्वित घरधुरीः

(ग) विस्तार हुने सिंचित क्षेत्रफल (हे.):

१०. कार्यक्रमको उद्देश्यः

११. कार्यक्रमका मुख्य मुख्य क्रियाकलापहरुः

१२. कुल लागतः रु.

प्रोत्साहन रकमः रु.

१३. लाभान्वित विवरणः

महिलाः पुरुषः जम्माः दलितः जनजातीः अन्यः

१४. कार्यक्रम सुरु हुने मितिः

१५. कार्यक्रम सम्पन्न हुने मितिः

१६. प्रस्तावित कार्यक्रम तथा बजेट

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

| क्र.सं. | विवरण | एकाइ | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उत्पादन सामग्री | | | | | |
| | बिउ | | | | | |
| | मल | | | | | |
| | विषादी | | | | | |
| २ | बाली व्यवस्थापन | | | | | |
| | जग्गा तयारी | | | | | |
| | गोडमेल | | | | | |
| | बाली कटानी | | | | | |
| | चुटानी | | | | | |
| | बाली संरक्षण | | | | | |
| | भण्डारण | | | | | |
| | अन्य | | | | | |
| ३ | साना सिँचाइ निर्माण/मर्मत सम्भार | | | | | |
| | कुल जम्मा | | | | | |

१७. बिउ बजारीकरण तथा व्यवस्थापनका विविध पक्षहरुः

आवेदन पेस गर्नेको नाम, थरः
पदः
हस्ताक्षरः
मितिः
सम्पर्क नम्बरः

संस्थाको छाप

<u>पुनश्च</u>: यस ढाँचामा बिउ उत्पादनमा सहभागी हुन चाहने सबै कृषकको जग्गाको क्षेत्रफल, खेती गरिने बाली, बिउ उत्पादनको प्रकार सहितको विवरण संलग्न गर्नुपर्नेछ। साथै, सिँचाइको लागि लागत अनुमान समेत पेस गर्नुपर्नेछ।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-६
(दफा ४ को उपदफा (६) सँग सम्बन्धित)
**प्रतिबद्धता पत्र**

श्रीमान् केन्द्र/कार्यालय प्रमुख
... ... ... (कार्यालयको नाम) ... ... ...

कृषि विकास कार्यालय..................../प्रदेश बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, बागमती प्रदेश हेटौंडाको मिति.................. मा प्रकाशित सूचना अनुसार बिउ बिजन आत्मनिर्भर कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजनासहितको आवेदन पेस गरेको/गरेका छु/छौं। उक्त कार्यक्रममा छनोट भएमा कार्ययोजनामा उल्लिखित कार्य गर्नेछु/छौं र प्रत्येक वर्षमा न्यूनतम २ वटा मुख्य बालीको बिउ उत्पादनसहित ५ वर्षसम्म निरन्तर रुपमा बिउ उत्पादन, व्यवस्थापन तथा बजारीकरण सम्बन्धी कार्य गर्नेछु/छौं। कार्ययोजना अनुसारको कार्य नगरेमा वा तोकिएको अवधि अगावै सो कार्य बन्द गरेमा यस कार्यको लागि प्राप्त प्रोत्साहन बापतको रकम प्रचलित ब्याजसहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं। सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने प्रतिबद्धता व्यक्त गर्दछु/छौं। यस कार्यविधिमा लेखिए बमोजिम नगरे प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला।

**आवेदकको तर्फबाट**

| क्र.सं. | आवेदकको नाम | ठेगाना गा.पा./न.पा. वडा नं. | जग्गाको ठेगाना | बिउ उत्पादनका लागि प्रस्तावित जग्गाको कित्ता नं. | बिउ उत्पादनका लागि प्रस्तावित जग्गाको कुल क्षेत्रफल (हे.) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

नाम, थर:

पद:

दस्तखत:

मिति:

संस्थाको छाप



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

कृषि तथा पशुपन्छी विकास मन्त्रालय बागमती प्रदेश सरकार हेटौंडा, नेपाल

## अनुसूची ७

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

**प्रस्तावपत्र मूल्याङ्कनका सूचक तथा अङ्कभार**

| क.सं. | सूचकहरु | अङ्क भार | कैफियत |
|---|---|---|---|
| १. | बिउ उत्पादन गर्ने क्षेत्रफल तथा बजारीकरण गर्न सकिने बिउको परिमाण | १५ | |
| १.१ | १० हेक्टर क्षेत्रफल तथा २५ मे.टनसम्म बजारीकरण परिमाण | ८ | |
| १.२ | १० देखि २० हेक्टर तथा ५० मे.टनसम्म बजारीकरण परिमाण | १२ | |
| १.३ | २० हेक्टर भन्दा बढी क्षेत्रफ़ल तथा ७५ मे.टन भन्दा बढी परिमाणमा बजारीकरण | १५ | |
| २. | सामाजिक समावेशीकरण | ५ | |
| ३. | सम्बन्धित स्थानीय तहको बिउ उत्पादन तथा व्यवस्थापनमा प्राविधिक सहयोग गर्ने प्रतिबद्धतापत्र | १० | |
| ४. | उत्पादित स्रोत बिउ खरिद/बिक्री सम्बन्धी पूर्व सम्झौता | १० | |
| ५. | सम्भावित बिउ उत्पादन क्षेत्रको प्राविधिक उपयुक्तता | १० | |
| ६. | लागत सहभागिताका लागि स्रोत जुटाउन सक्ने क्षमता | १० | |
| ७. | बिउ उत्पादन एवं व्यवस्थापन सम्बन्धी संस्थागत अनुभव | १५ | |
| ७.१ | २ वर्षसम्मको उत्पादन सम्बन्धी अनुभव | ८ | |
| ७.२ | २ देखि ४ वर्षसम्मको उत्पादन सम्बन्धी अनुभव | १२ | |
| ७.३ | ४ वर्ष भन्दा बढीको उत्पादन सम्बन्धी अनुभव | १५ | |
| ८. | बिउ उत्पादनका लागि क्लस्टर/ब्लक/निर्माण/विस्तार गर्न सकिने सम्भावना | १५ | |
| ९. | प्रस्तावमा उल्लिखित नवीनतम एवं बिउ उत्पादनको निरन्तरताका लागि अवलम्बन गरिने पक्षहरु | १० | |
| | कुल जम्मा | १०० | |

<u>नोटः</u> मूल्याङ्कन समितिले सूचना प्रकाशन अगावै मूल्याङ्कनको मापदण्ड आवश्यकता अनुसार परिमार्जन र विस्तृतीकरण एवं सहायक मापदण्ड बनाई सोही अनुसार मूल्याङ्कन गर्न सक्नेछ।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
भूमि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

# अनुसूची ८

(दफा ४ को उपदफा (५) र दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

## कार्यक्रमको सम्भागहरु

(१) संस्थागत विकास, सुशासन तथा क्षमता अभिवृद्धिः

(क) कार्यक्रम लागु हुने क्षेत्रभित्र क्रियाशील कृषक समूह, बिउ उत्पादक समूह, कृषि सहकारीहरु गठन/पुनर्गठन तथा दर्ता प्रक्रियाका लागि आवश्यक सहजीकरण गरिनेछ।

(ख) कृषक समूह, सहकारी तथा सामुदायिक बिउ बैङ्कहरुको क्षमता अभिवृद्धिसँग सम्बन्धित तालिम, गोष्ठी, भ्रमण जस्ता क्रियाकलापहरु सञ्चालन गरिनेछ।

(ग) बिउ उत्पादन क्षेत्रभित्र क्रियाशील कृषक समूह, सहकारी तथा सामुदायिक बिउ बैङ्कहरुलाई बिउ उत्पादन व्यवस्थापन, यथार्थ सङ्केतपत्र उल्लिखित बिउको उत्पादन एवं प्रवर्धन सम्बन्धी तालिम, गोष्ठी, भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ।

(२) संरचनागत सुधार तथा पूर्वाधार विकास (बिउ स्रोत केन्द्र स्थापना):

(क) पूर्वाधार विकासमा सहभागी हुने आवेदकले आफ्नै वा अन्य संस्थासँगको समन्वयमा न्यूनतम २० मे.टन भण्डारण क्षमताको बि(उ भण्डारण गृह निर्माण गर्नुपर्नेछ। साथै, भण्डारण गृहमा बिउ सुकाउने खलो तथा बिउका बोराहरु राख्ने काठका प्यालेटहरु समेतको व्यवस्था गरिएको हुनुपर्नेछ।

(ख) संरचनागत सुधार तथा पूर्वाधार विकास अन्तर्गत निर्माण हुने संरचनाका लागि आवश्यक जग्गा सम्भव भएसम्म सम्बन्धित साझेदार संस्थाको स्वामित्वमा भएको हुनुपर्नेछ। आफ्नै स्वामित्वमा नभएको खण्डमा न्यूनतम १५ वर्षको लागि लिजमा लिएको करारनामा पत्र समावेश हुनुपर्नेछ।

(ग) पूर्वाधार विकासमा सहभागी हुने साझेदार संस्थाले उत्पादित एवं सङ्कलित बिउको प्रशोधनका लागि न्यूनतम ०.५ मे. टन प्रति घण्टामा चल्ने बिउ प्रशोधन मेसिन, बिउ उपचार मेसिन, बोरा सिलाउने मेसिन लगायतका औजार उपकरणहरु सहितको बिउ प्रशोधन एकाइको स्थापना तथा व्यवस्थापन गर्नुपर्नेछ।

(घ) आलुको पि.वि.एस. दाना उत्पादन गर्न चाहने आवेदकले न्यूनतम २५,००० दाना प्रति वर्ष पि.वि.एस. दाना उत्पादन गर्न सकिने स्क्रिन/ग्रिन हाउस निर्माण गर्नुपर्नेछ। साथै, कोल्ड च्याम्बरसमेत निर्माण गर्नुपर्नेछ।

(ङ) बिउ स्रोत केन्द्र स्थापना गर्न चाहने आवेदकले अनिवार्य रुपमा तोकिएको क्षेत्रफलमा स्रोत बिउ/उन्नत बिउ उत्पादन तथा व्यस्थापन गर्नुपर्नेछ।

(३) बिउ उत्पादन प्रवर्धन तथा क्षेत्र विस्तार सहयोगः

(क) कार्यक्रम कार्यान्वयनका लागि छनोट भएका क्षेत्रभित्र खाद्यान्न, तरकारी, घाँस तथा आलुको स्रोत एवं उन्नत बिउ उत्पादन, प्रवर्धन तथा क्षेत्र विस्तार गरिनेछ।

(ख) खाद्यान्न बाली (धान, गहुँ, मकै) को स्रोत बिउ उत्पादनका लागि आवश्यक उत्पादन सामग्री (स्रोत बिउ, रासायनिक/जैविक मल, सुरक्षित बिषादी आदि) सहयोग गरिनेछ।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

(ग) खाद्यान्न बालीको उन्नत बिउ उत्पादनका लागि उत्पादन सामग्री (स्रोत बिउ, रासायनिक/जैविक मल, सुरक्षित विषादी आदि) खरिद एवं व्यवस्थापन गरिनेछ।

(घ) तरकारी बालीको उन्नत बिउ उत्पादन प्रोत्साहनका लागि उत्पादन सामग्री खरिद एवं व्यवस्थापन (स्रोत बीउ, रासायनिक मल/जैविक मल, सुरक्षित विषादी) गरिनेछ।

(ङ) घाँसको उन्नत बिउ उत्पादन प्रोत्साहनका लागि उत्पादन सामग्री खरिद एवं व्यवस्थापन (स्रोत बिउ, रासायनिक मल/जैविक मल, सुरक्षित विषादी आदि) गरिनेछ।

(च) आलुको स्रोत बिउ उत्पादन प्रोत्साहनका लागि उत्पादन सामग्री खरिद एवं व्यवस्थापन (स्रोत बिउ, रासायनिक मल/जैविक मल, सुरक्षित विषादी आदि) गरिनेछ।

(छ) बिउ उत्पादन क्षेत्रमा स्रोत/उन्नत बिउ उत्पादन प्रविधि प्रसारका लागि गुणस्तरीय बिउ उत्पादन कृषक पाठशाला सञ्चालन गरिनेछ।

(ज) बिउ उत्पादन क्षेत्रभित्र उत्पादन एवं उत्पादकत्व अभिवृद्धि गर्न स्रोत उपलब्ध भएसम्मका क्षेत्रमा सतह/सौर्य/भुमिगत सिँचाइ प्रविधिको उपयोग तथा प्रवर्धन गर्न सकिनेछ। सिँचाइसँग सम्बन्धित क्रियाकलापहरुमा लागत सहभागिताको आधारमा प्रोत्साहन रकम उपलब्ध गराउन सकिनेछ।

(४) बिउ बजार प्रवर्धन तथा सहयोगः

(क) उत्पादित बिउको बजारीकरणमा टेवा पुऱ्याउन उत्पादक, बिक्रेता, सेवा प्रदायक निकाय समेतको बहुसरोकारवाला सम्मिलित खरिद बिक्री सम्झौता तथा अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(ख) बिउ उत्पादक संस्थाहरुलाई प्रोत्साहन स्वरुप बिउ प्याकेजिङ्ग तथा प्रशोधन सामग्रीहरु, सुकाउने त्रिपाल, प्याकिङ्ग गर्ने बोरा, चिस्यान मापक यन्त्र आदि उपलब्ध गराउन सकिनेछ।

(ग) बिउको गुणस्तरका बारेमा जानकारी प्रवाहका लागि बिउको स्तर (Seed Class) अनुसारका लेबलहरु वितरण गर्न सकिनेछ।

(घ) बिउ उत्पादन तथा व्यापारमा संलग्न व्यवसायीहरुलाई उत्पादन, गुणस्तर नियन्त्रण तथा नियमनसँग सम्बन्धित अनुशिक्षण, प्रशिक्षण जस्ता क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

(ङ) माग तथा आपूर्तिको अवस्था पहिचान तथा व्यवस्थापन गर्न स्रोत/उन्नत बिउको माग तथा आपूर्ति सम्बन्धी अध्ययन सर्वेक्षण जस्ता क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

(च) बिउको आयात निर्यात अवस्था तथा विभिन्न सरोकारवालाहरुको भूमिकाको बारेमा अध्ययनका लागि अध्ययन/अनुसन्धान सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

५. गुणस्तर नियन्त्रण तथा नियमनः

(क) आवेदकले गुणस्तरीय बिउ उत्पादनका लागि सहज रूपमा पृथकता दुरी कायम गर्न सकिने क्षेत्रमा मात्र बिउ उत्पादन गरिने सुनिश्चितता गरेको हुनुपर्नेछ।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

(ख) आवेदकले आफूले लगाउने बालीको जात, बिउको स्रोत र लगाएको क्षेत्रफल उल्लेख गरी बाली लगाएको १५ दिनभित्र केन्द्रमा पूर्व जानकारी फाराम विद्युतीय माध्यमबाट (https://seedlab.bagamati.gov.np) वा बिउ प्रमाणीकरण निर्देशिका, २०७४ को अनुसूची-४ बमोजिम पूर्व जानकारी विवरण छिटो माध्यमबाट प्राप्त हुने गरी पठाउनुपर्नेछ।

(ग) आवेदकले स्रोत बिउ खरिद सम्बन्धी विवरण, परिमाण तथा लगाएको क्षेत्रफलको विस्तृत विवरण उल्लेख गर्नुपर्नेछ। साथै, स्रोत बिउको निस्सा (टयाग/खरिद बिल) प्रमाणीकरण निकायमा पेस गर्नुपर्नेछ।

(घ) केन्द्रले प्राप्त पूर्व जानकारी फाराम अनुरुप बाली विशेषको आधारमा कार्ययोजना सहित खडा बाली निरीक्षण, भण्डारण निरीक्षण तथा नमुना सङ्कलन गर्न सक्नेछ।

(ङ) केन्द्रले प्राप्त/सङ्कलन गरेका नमुनाहरुको प्रयोगशाला परीक्षण गरी सम्बन्धित उत्पादकले प्राप्त गर्ने गरी परीक्षण प्रतिवेदन जारी गर्न सक्नेछ।

(च) केन्द्रले बिउ प्रमाणीकरणका लागि निर्धारित न्यूनतम मापदण्डहरु पूरा गरेका उत्पादित स्रोत बिउमा बिउको स्रोत अनुसार सङ्केतपत्र जारी गर्न सक्नेछ।

(छ) गुणस्तर नियन्त्रणका सबै पक्षहरु अवलम्बन भए नभएको यकिन गर्न केन्द्र, कार्यालय तथा सम्बन्धित स्थानीय तहका प्राविधिकहरुले आवश्यकता अनुसार खडा बाली निरीक्षण गर्न सक्नेछन्।

(ज) बिउ आलु प्रमाणीकरणका हकमा प्रचलित कानुन बमोजिम ELISA परीक्षण सम्बन्धी कार्यहरु प्रयोगशालाले गर्न सक्नेछ। आलुको पि.वि.एस. दाना उत्पादनका लागि संरचना निर्माणमा सहयोग प्राप्त गर्ने आवेदकले उत्पादित बिउको अनिवार्य रुपमा ELISA परीक्षण गराउनुपर्नेछ।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

कृषि तथा पशुपन्छी विकास मन्त्रालय बागमती प्रदेश सरकार हेटौंडा, नेपाल

अनुसूची -९

(दफा ९ उपदफा (१) सँग सम्बन्धित)

उपलब्धिमा आधारित प्रोत्साहन सेवा/रकम

| क.सं. | विवरण | प्रोत्साहन | कैफियत |
|---|---|---|---|
| क | संस्थागत विकास सुशासन तथा क्षमता अभिवृद्धि | | |
| १ | बिउ उत्पादन क्षेत्रभित्र कृषक समूह/कृषि सहकारी गठन, दर्ता तथा परिचालन | १०० प्रतिशत | |
| २ | कृषक समूह/सहकारीको क्षमता अभिवृद्धि | १०० प्रतिशत | |
| ३ | कृषक समूह/सहकारी व्यवस्थापन तथा सञ्चालन | १०० प्रतिशत | |
| ४ | बिउ उत्पादन सम्बन्धी आधारभूत स्थलगत तालिम | १०० प्रतिशत | |
| ५ | परियोजनास्तर स्रोत बिउ उत्पादन तथा व्यवस्थापन तालिम | १०० प्रतिशत | |
| ६ | यथार्थ सङ्केतपत्र उल्लिखित बिउ उत्पादन तथा प्रवर्धन | १०० प्रतिशत | |
| ७ | बिउ उत्पादन तथा बजारीकरण अन्तरक्रिया/गोष्ठी | १०० प्रतिशत | |
| ८ | परियोजनास्तर स्रोत बिउ उत्पादन तथा व्यवस्थापनका लागि इजाजतपत्र सम्बन्धी तालिम | १०० प्रतिशत | |
| ९ | गुणस्तरीय बिउ उत्पादन कृषक पाठशाला सञ्चालन | १०० प्रतिशत | |
| ख | संरचनागत सुधार तथा पूर्वाधार विकास (बिउ स्रोत केन्द्र स्थापना) | | |



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

| | | | |
|---|---|---|---|
| १ | बिउ भण्डारण गृह निर्माण (न्यूनतम २० मे. टन भण्डारण क्षमता भएको गोदाम घर, बिउ सुकाउने खलो तथा बोरा राख्ने काठका प्यालेट) | स्वीकृत बजेटको परिधिभित्र रही कृषक समूह/ सहकारी/ सामुदायिक बिउ बैङ्कको लागि लागतको ८० प्रतिशत र निजी फार्म तथा कम्पनीको हकमा ५० प्रतिशत | सार्वजनिक खरिद नियमावलीमा व्यवस्था भए बमोजिम खरिद प्रक्रियाको अवलम्बन |
| २ | बिउ प्रशोधन एकाइ स्थापना (न्यूनतम ०.५ मे. टन प्रति घण्टा क्षमताको बिउ सफा/प्रशोधन गर्ने मेसिन, बिउ उपचार गर्ने मेसिन (प्रति ब्याच ५० के.जी.), बिउ सुकाउने मेसिन, बोरा सिलाउने मेसिन, बिउ तौल गर्ने उपकरण आदि) | स्वीकृत बजेटको परिधिभित्र रही कृषक समूह/ सहकारी/ सामुदायिक बिउ बैङ्कको लागि लागतको ८० प्रतिशत र निजी फार्म तथा कम्पनीको हकमा ५० प्रतिशत | |
| ३ | आलुको पि.वि.एस. दाना उत्पादनका लागि संरचना निर्माण (न्यूनतम २५,००० दाना उत्पादन गर्न सक्ने) र कोल्ड च्याम्बर समेत. | स्वीकृत बजेटको परिधिभित्र रही कृषक समूह / सहकारी/ सामुदायिक बिउ बैङ्कको लागि लागतको ८० प्रतिशत र निजी फार्म तथा कम्पनीको हकमा ५० प्रतिशत | |
| ग | बिउ उत्पादन प्रवर्धन तथा क्षेत्र विस्तार सहयोग | | |
| १ | स्रोत बिउ तथा उत्पादन सामग्री सहयोग (धान, गहुँ, मकै) | प्रति हेक्टर बढीमा रु. २० हजार | |
| २ | उन्नत बिउ तथा उत्पादन सामग्री (धान, गहुँ, मकै) | प्रति हेक्टर बढीमा रु. १५ हजार | |
| ३ | तरकारीको उन्नत बिउ तथा उत्पादन सामग्री सहयोग (केराउ, सिमी, मुला आदि ) | प्रति हेक्टर बढीमा रु. २० हजार | |
| ४ | घाँसको उन्नत बिउ तथा उत्पादन सामग्री सहयोग | प्रति हेक्टर बढीमा रु. २० हजार | |



मा. मधुसुदन पौडेल

| | | | |
|---|---|---|---|
| ५ | आलुको स्रोत बिउ तथा उत्पादन सामग्री सहयोग | प्रति हेक्टर बढीमा रु. ३० हजार | |
| ६ | नेपाली वर्णसङ्कर धान तथा मकैको बिउ उत्पादन/प्रवर्धन | प्रति हेक्टर बढीमा रु. २० हजार | |
| ७ | सिंचित क्षेत्र विस्तार( सतह सिँचाइ/सौर्य सिँचाइ/भूमिगत सिँचाइ) | कुल लागतको ८० प्रतिशत वा रु. ३ लाख मध्ये जुन कम हुन्छ | |
| **घ** | **बिउ बजार प्रवर्धन तथा सहयोग सेवा** | | |
| १ | बहुसरोकारवालाहरुसँग खरिद तथा बिक्री सम्झौता सम्बन्धी अन्तरक्रिया गोष्ठी | १०० प्रतिशत | |
| २ | बिउ उत्पादकहरुलाई बिउ प्याकेजिङ्ग तथा प्रशोधन सामग्री (त्रिपाल, बोरा, चिस्यान मापक यन्त्र आदि) सहयोग | १०० प्रतिशत | |
| ३ | बिउ व्यावसायीहरुका लागि क्षमता अभिवृद्धि/सचेतना तालिम | १०० प्रतिशत | |
| ४ | स्रोत बिउ/उन्नत बिउको माग तथा आपूर्ति सम्बन्धी अध्ययन/बिउ उत्पादन क्षेत्रको आधारभूत सर्वेक्षण | १०० प्रतिशत | |
| **ङ** | **गुणस्तर नियन्त्रण तथा नियमन** | | |
| १ | स्रोत बिउको खडा बाली निरीक्षण | प्रदेश सरकारले तोके बमोजिमको राजस्व लिएर | |
| २ | बिउ नमूना सङ्कलन तथा परीक्षण | प्रदेश सरकारले तोके बमोजिमको राजस्व लिएर | |
| ३ | भण्डारण तथा प्रशोधन कक्ष निरीक्षण तथा अवलोकन | प्रदेश सरकारले तोके बमोजिमको राजस्व लिएर | |

बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय हेटौंडा, नेपाल



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

| | | | |
|---|---|---|---|
| ४ | स्रोत बिउ प्रमाणीकरण तथा ट्यागिङ्ग | प्रदेश सरकारले तोके बमोजिमको राजस्व लिएर | |
| ५ | आलुको बिउ प्रमाणीकरणका लागि इलाइजा (ELISA) परीक्षण | प्रदेश सरकारले तोके बमोजिमको राजस्व लिएर | |

पुनश्चः यस कार्यविधिमा उल्लेख भए बाहेकका आवश्यक उत्पादन सामग्रीहरुको व्यवस्थापनका लागि मन्त्रालयले आवश्यकता अनुसार प्रोत्साहनका विषयहरु थपघट गर्न सक्नेछ।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय हेटौंडा, नेपाल

अनुसूची-१०

(दफा ७ को उपदफा (८) सँग सम्बन्धित)

**<u>सार्वजनिक सूचना पाटीको ढाँचा</u>**

(साइजः २ फिट*३ फिट मेटालिक प्लेट)

बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

... ... ... .. ... .. .. .. ..

... ... ... ... ... ... ...

कार्यक्रम/आयोजनाको नामः ... ... ... ... ... ... ...

आयोजना सञ्चालन गर्ने समूह/सहकारी/निजी उद्यमीको नामः ... ... ... ... ... ... ...

ठेगानाः ... ... ... ... ... ... ...

कार्यक्रम/आयोजनाको कुल लागतः रु. ... ... ... ... ... ...

प्रोत्साहन रकमः रु. ... ... ... ... ... ...

साझेदार संस्थाको सहभागिताः रु. ... ... ... ... ... ...

आयोजना अवधीः ... ... ... ... ... ... देखि ... ... ... ... ... ... सम्म

लाभग्राही सङ्ख्याः महिला ... ... ... ... पुरुष ... ... ... ... ... कुल ... ... ... ... ...

दलित ... ... ... ... जनजाति ... ... ... ... अन्य जाति ... ... ... ... ...



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-११

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

<u>स्व-घोषणा</u>

श्रीमान् केन्द्र/कार्यालय प्रमुख

... ... ... (कार्यालयको नाम) ... ... ...

प्रस्तुत विषयमा तहाँ केन्द्र/कार्यालयको मिति ... ... ... का दिन ... ... .., कार्यक्रमका लागि प्रकाशित सूचना अनुसार ... ... ... जिल्ला ... ... ... पालिका स्थित ... ... ... ... कृषक/समूह/सहकारी/फार्म/कम्पनीले गत आर्थिक वर्ष ... ... मा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र मातहतका निर्देशनालय/कार्यालय, स्थानीय तह, सङ्घीय सरकारबाट सञ्चालित परियोजनाबाट कृषि क्षेत्रको विकाससँग सम्बन्धित कार्यक्रम/क्रियाकलापको लागि अनुदान प्राप्त नगरेको बेहोरा स्व-घोषणा गर्दछु/छौं। चालु आर्थिक वर्ष ... ... मा सम्झौता अघि वा सम्झौता पश्चात अन्य निकायबाट सो कार्यक्रम/क्रियाकलापको लागि दोहोरो अनुदान लिएको पाइएमा सम्झौता रद्द गरी प्रचलित कानुन बमोजिम कारबाही/सजायको भागेदार हुन मञ्जुर रहेको बेहोरा समेत अनुरोध गर्दछु/छौं।

औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

<u>आवेदकको</u>

नामः

पदः

ठेगानाः

संस्थाको छापः

सम्पर्क नं. :



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री